# जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७

जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "जनता आवास कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश भर तुरुन्त प्रारम्भ हुनेछ ।

२. जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को दफा ५ मा संशोधनः जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को (यस पछि मूल कार्यविधि भनिएको) मूल कार्यविधिको दफा ५ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांस मा रहेको "बुँदा" भन्ने शब्द झिकिएको छ ।

३. मूल कार्यविधिमा दफा २२क. थपः मूल कार्यविधिमा दफा २२. पछि देहायको दफा २२क. थपिएको छः-

"२२क. म्याद थप गर्न सक्नेः (१) निर्माणाधिन अवस्थामा रहेको योजनाहरुको औचित्य पुष्टि भएमा थप आर्थिक दायित्व सिर्जना नहुने गरी ६ (छ) महिनासम्मको म्याद थप, भवन कार्यालयले र सो भन्दा बढीको म्याद थप, मन्त्रालयले गर्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै व्यवस्था भए तापनि आ.ब.०७२/७३ देखि हालसम्मका अधुरो योजनाहरुको हकमा थप आर्थिक दायित्व सिर्जना नपर्ने गरी एक पल्टको लागि भवन कार्यालयले ६ (छ) महिनाको म्याद थप गर्न सक्नेछ ।"

राम आधार साह
सचिव